page_6kpr.qxd 8/2/2008 10:12 PM Page 1

आलु वर्ष

संयुक्त राष्ट्रसंघको आहवानलाई ढिलै भए पनि आत्मसात् गर्दै नेपालले यो वर्ष 'आलु वर्ष' मनाउने निधो गरेको छ । यसको तयारीका क्रममा कृषि सचिवको अध्यक्षतामा १२ सदस्यीय समितिसमेत गठन भइसकेको छ । यतिबेला विश्वभर खाद्यान्नको अभावलाई लिएर सर्वत्र चिन्ता प्रकट भइरहेको छ । शनिबारै श्रीलंकाको राजधानी कोलम्बोमा सुरु भएको सार्क शिखर बैठकमा पनि यस क्षेत्रमा खाद्यान्नको अभावलाई छलफलको मुख्य विषयवस्तुका रूपमा उठाइएको छ । सम्मेलनमा बोल्दै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले खाद्यान्नमा मूल्यवृद्धिका कुरा उठाउँदै गरिबीविरुद्ध संगठित प्रयासको अपरिहार्यतालाई जोड दिएका छन् ।

हाम्रोजस्तो मुलुकमा आलु गरिबी र भोकमरी हटाउने महत्त्वपूर्ण खाद्यान्न बन्न सक्छ । त्यसका निम्ति आलुबाली विकास कार्यक्रमको स्थापना पनि निकै अघि भएको हो । तर यसतर्फ चित्तबुझ्दो प्रगति कहिल्यै हुन सकेन । केही वर्षअघि काठमाडौंमा आयोजित पर्वतीय सम्मेलनमा भेला भएका राष्ट्रिय अन्तर्राष्ट्रिय कृषि वैज्ञानिकहरूले आलुका क्षेत्रमा हामीले हासिल गर्न नसकेका उपलब्धितर्फ औंल्याएका थिए । खाद्यान्नको क्षेत्रमा हाम्रो बिगारिएको बानी, उचित प्रचार प्रसारको अभाव र फरक हावापानी सुहाउँदो खेतीतर्फको उदासीनताजस्ता कुरामा उनीहरू केन्द्रित थिए । उतिबेला अंग्रेजले दक्षिण अमेरिकाबाट भारतको हावापानी सुहाउँदो हुनेगरी छानेर ल्याएका थोरै जातका आलुमा आज पनि हामी भर परेर बसेको उनीहरूको तर्क थियो । जबकि हाम्रा उच्च भूभागहरूमा समेत राम्रो उत्पादन हुनसक्ने जातका आलु दक्षिण अमेरिकामा पर्याप्त मात्रामा रहेको र त्यसलाइ हामीले यहा ल्याउन नसकेको उनीहरूले बताएका थिए ।

ती जातका आलुहरू हामीले भित्र्याउने हो भने हाम्रा हिमाली भेगमा ढुवानी गरेर पुऱ्याउँदै आएको चामलको साटो त्यहीं उत्पादन हुने आलुले उनीहरूलाई आत्मनिर्भर बनाउनेछ । सबैभन्दा पहिले त विश्वका थुप्रै मुलुकमा जस्तै हामीकहाँ पनि विशेष क्षेत्रहरूमा आलुलाई मुख्य खाद्यान्न बनाउन सक्नेतर्फ कहिल्यै पनि नीति निर्माताहरूको ध्यान गएन । विश्वका एक अर्ब व्यक्तिको मुख्य खाना यही आलु हो । दक्षिण तथा उत्तर अमेरिकी मुलुकहरूमा आज पनि भात,ढिंडो, रोटी भनेजस्तै आलुका परिकारहरू मुख्य खाद्यान्नका रूपमा प्रयोग हुन्छन् । मास पोटाटोजस्ता असंख्य कन्टिनेन्टल खानाहरू आलुका स्वादिला व्यञ्जन हुन् । तर हामीले आलुलाई तरकारीको पहिचानबाट माथि उठाउने प्रयास कहिल्यै गरेनौं । बानी बिगाऱ्यौं । धान नफल्ने जिल्लावासीलाई खाद्य संस्थानको गोदाममा लाइन लगाउने संस्कृति हामीले बसालिदियौं । आलु जति चिसो भागमा उत्पादन गऱ्यो यसको स्वाद उत्तिकै बढ्छ । त्यसबाहेक यसलाई चिप्स, भुजिया, पापड, अदौरी (मधेसतिर प्रचलित मस्यौराजस्तो) मा रूपान्तर गरेर लामो समय स्टोर गर्नुका साथै बेचबिखन गरेर आकर्षक आम्दानीसमेत हात पार्न सकिन्छ ।

हामीकहाँ तरकारीकै रूपमा पनि पर्याप्त आलु उत्पादन भइरहेको छैन । त्यसका निम्ति नेदरल्यान्ड, अमेरिका र जापानमा जस्तै थोरै जग्गामा धेरै आलु फलाउने प्रविधि मात्र नभई बाँझो रहँदै आएका हिमाली भेगलाई समेत उपयुक्त विशेष जातहरू भित्र्याउनु आवश्यक छ । ढिलै भए पनि हामीले लिएको उचित कदम हो यो वर्षलाई 'आलु वर्ष' का रूपमा मनाउने निर्णय । कृषि सचिवको नेतृत्वमा समिति गठन गरेर यसलाई गम्भीरताका साथ लिइएकोमा पनि सरकारलाई धन्यवाद दिनुपर्छ । दुई नयाँ जातका आलु पनि यो अवसरमा सार्वजनिक गरिने उल्लेख गरिएको छ । कृषि मन्त्रालयले यो उद्देश्यमा सञ्चारमाध्यमको सहयोगको अपेक्षा गरेको छ, त्यसलाइ जिम्मेवार सञ्चारकर्मीले सघाउने नै छन् ।

मातृभाषा फैलाऔं

'भाषाको राजनीति' पढ्दा धीरेन्द्र प्रेमर्षिको मातृभाषा मैथिलीप्रतिको मोह स्वागतयोग्य छ । मातृभाषा बिर्सेर हिन्दी बोल्ने उपराष्ट्रपति परमानन्द झा तथा मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव तथा नेता विजय गच्छदार (थारू) सँग मेरो प्रश्न-

● तराईमा बोलिने भाषा हिन्दी हो भनेर कुन तथ्यांकले देखाउँछ ? बरु मैथिली नेपालमा बोलिने दोस्रो ठूलो भाषा हो । इतिहासको पानामा समेत रणबहादुर शाहले पशुपति दर्शन गर्न आएकी एक मैथलीभाषी रूपवती विधवा ब्राह्मणीलाई बिहे गरेर शाहवंशीय शासनलाई निरन्तरता दिएको देखिन्छ । यसरी हेर्दा लामो इतिहास भएको मातृभाषा भुलेर हिन्दी बोल्नु विखण्डनको विजारोपण होइन ?

● तराईवासीले विशेष गरेर पूर्वी तराईका घरमा, बजारमा जताततै मैथिलीभाषा बोलेको सुनिन्छ । बिहाबारी भारतीयसँग भए पनि मैथिली बोलेको देखिन्छ । धेरैको ससुराली भारतको बिहारमा रहेको पाइन्छ । ससुराली उता भए पनि उनीहरू त्यहाँ मैथिली बोल्छन् । भारतमा रहँदासमेत मैथिली बोल्नेले नेपालमा हिन्दीको लवज बोल्नु पछाडि के रहस्य छ ?

● थारू र यादव जातिको भाषा पनि लगभग मैथिलीजस्तै छ । मैथिलीको इतिहास लामो र मीठासयुक्त शब्दले भरिएको छ । त्यसकारण यो भाषालाई प्रत्येक नेपालीले बुझ्ने गरी उहाँहरूले प्रचार गर्नुपर्नेमा हिन्दी बोल्नु आफ्नो भाषा आफैं लोप गराउन खोज्नु होइन ?

● म एउटा तराईवासी पहाडे । धेरै वर्षदेखि हामी तराईमा छौं । सँगै पढ्ने साथी यादव, थारू, झा, मिश्र आदि सँग म मैथिलीमा बोल्छु । उनीहरू कसैले पनि कहीँ हिन्दी भाषा बोलेको देखेको छैन । उनीहरू बरु हाम्रो भाषालाई कसरी सम्पूर्ण नेपालीले बुझ्ने पार्न सकिन्छ भनेर लागिपरेका छन् ।

● अचेल धेरै एफएम रेडियोमा मैथिली भाषाको कार्यक्रम सुन्न पाइन्छ । एउटा टीभी च्यानलले त मैथिली भाषीसँग प्रत्यक्ष कुरा गर्ने गरेको छ ।

● तपाईहरू मातृभाषा फैलाउनतिर लाग्नुस् । हिन्दी बोलेर आफ्नो भाषा संस्कृति मास्नेतिर लाग्नुभयो भने कुनै दिन मैथिली भाषीले तपाईंलाई विखण्डनवादी भनेर सराप्नेछन् । इतिहासले समेत तपाईंहरूलाई गलत साबित गर्नेछ ।

– रमेश भर्तेल
इटहरी- ५, सुनसरी, हाल : काठमाडौं

मैथिली स्रष्टा अपहेलित

यसपालिको राष्ट्रिय प्रतिभा पुरस्कार वितरण भइसकेको छ । तर मैथिली साहित्यको भागमा यो वर्ष पनि पुरस्कार परेन । राष्ट्रिय पुरस्कार कुनै खास वाद, विचारबाट अलग हुनुपर्छ र मैथिलीका नाउँमा व्यक्तिगत स्वार्थपूर्ति गर्नु र यसलाई शोषण गर्नु उचित होइन । मैथिलीमा प्रकाशन संस्था नभए पनि पत्रपत्रिका एवं पुस्तक अनवरत प्रकाशित भइरहेका छन् । यसमा कुनै प्रकारको सरकारी सहयोग देखिएको छैन । नेपालमा भारतबाट मैथिली रचना आयात गरी पाठ्यक्रम चलाउने केही व्यक्तिको कुटिल चाल प्रारम्भ भइसकेको छ । यस्तो बेला मैथिली साहित्य लेखनलाई उत्साहित गर्नुसट्टा राष्ट्रिय पुरस्कारबाट वञ्चित गरी निरुत्साहित गर्नु उचित होइन ।

– रेवतीरमण लाल
सम्पादक, नैमिकानन, जनकपुर- ११



हिन्दी बोलेर आफ्नो भाषा संस्कृति मास्नेतिर लाग्नुभयो भने कुनै दिन मैथिलीभाषीले तपाईंहरूलाई विखण्डनवादी भनेर सराप्नेछन्

उपराष्ट्रपतिको सन्देश

हिन्दीमा शपथ खाएको विरोधमा सडकमा उत्रिएका जनताले उपराष्ट्रपति परमानन्द झाले माफी माग्नुपर्ने र पुनः नेपाली वा मैथिलीमा शपथ लिनुपर्ने माग गरेका छन् । आन्दोलित जनतालाई शान्त पार्न मंगलबार उपराष्ट्रपतिले जारी गरेको वक्तव्यमा भनिएको छ- 'मैले शपथ लिँदा सरकारी कामकाजमा प्रयुक्त हुने नेपाली भाषामा लेखिएको पद र गोपनीयताको शपथपत्रमा हस्ताक्षर गरेको छु ।' त्यो गोप्यपत्रमा हस्ताक्षर गरेको जनतालाई थाहा छैन । त्यस्तै 'शपथको वाचिका भाषालाई लिएर केही दाजुभाइ, दिदीबहिनीको मनमा चोट पुगेको र त्यसप्रति असन्तोष र विरोध भइरहेको देखिँदा मलाई दुःख लागेको छ' भनिएको छ । जनताले राष्ट्रियताको आन्दोलन गर्दा उनलाई दुःख लागेछ । उनको वक्तव्यले आन्दोलनकारीको भावनालाई सम्बोधन गरेको छैन । भाषिक विस्तारवादी नीतिको पक्षपोषण गरिरहेका छन् उनी । वक्तव्यको वाक्यांशले नेपालमा धेरैले बुझ्ने भाषा हिन्दी हो, त्यसको प्रयोग गर्नुपर्छ भन्ने सन्देश दिएको छ ।

–माखक खजुम
धरान, सुनसरी

फेरि शपथ खाऊ

तराईमा जन्मेको र महाकाली नदी छेउको भारतीय सिमानामा बसोबास गर्ने एउटा सचेत नागरिक भएकाले मसँग हिन्दी भाषिक उपनिवेशवादको तीतो अनुभव छ । हामी स्वीकार गर्छौं कि कला, संस्कृति र साहित्यको भौगोलिक सिमाना हुँदैन । म हिन्दी साहित्य र संगीतको राम्रो पाठक हुँ । तर राजनीतिक सन्दर्भमा हिन्दीको समर्थन गर्नु आरुनो मौलिकता र राष्ट्रिय अस्तित्वलाई चुनौती दिनु हो । सुदूरपश्चिमको तराईमा डोटेली, रानाथारू र चौधरी भाषा बोलिन्छ तर त्यहाँ हिन्दी सम्पर्क भाषा छैन । हामी त्यहाँ एकअर्काको भाषा केही हदसम्म बोल्न र बुझ्न सक्छौं । यही सन्दर्भमा गत वर्ष भारतको 'सोनी' टेलिभिजन च्यानलबाट इन्डियन आइडल प्रतियोगितामा विजेता छानिएका गायक प्रशान्त तामाङको सम्झना गर्नु आवश्यक ठान्छु । उनले छनौट क्रममा र आफू इन्डियन आइडल भएपछि पनि जातीय पहिचान र मातृभाषा नेपालीप्रतिको प्रेमलाई उच्च गौरवसाथ विश्वमाझ प्रस्तुत गरेका थिए । स्मरण रहोस्, भारतमा नेपालीले क्षेत्रीय भाषाका रूपमा मान्यता प्राप्त गरेको छ ।

हाम्रा उपराष्ट्रपतिले भारतको राष्ट्रभाषामा शपथ लिएर भाषिक दरिद्रता प्रदर्शन गरे । त्यसैले उनले आत्मालोचना गरी यथाशीघ्र अर्को शपथ सके नेपालीमा र नसके मातृभाषा मैथिलीमा लिएमा हाम्रो दुखिरहेको घाउमा महलम लागेको अनुभव हुने थियो ।

– महेशप्रसाद भट्ट
महेन्द्रनगर, कञ्चनपुर

ओलम्पिक विवाद

प्रतिमा बाँस्कोटा

'जुन जोगी आए पनि कानै चिरेको' भन्ने उखान सार्थक भइरहेको छ नेपाली खेलजगत्मा । वर्षौंदेखि विवादमा गाँजिँदै आएको खेलकुदले देशमा आएको लोकतान्त्रिक परिवर्तनलाई आत्मासात् गरेको देखिँदैन । खेल र खेलाडीका लागि भन्दा पनि खेल पदाधिकारी आफ्नो स्वार्थमा चलिरहेको नाङ्गो आँखाले देख्न सकिन्छ ।

ओलम्पिक आउन एक साताभन्दा कम समय बाँकी छँदा नेपाली खेलाडीलाई विश्व खेल मेलासम्म पुऱ्याउने ओलम्पिक कमिटी अहिले विवादको भुमरीमा छ । ध्रुवबहादुर प्रधान समूहको ओलम्पिक कमिटी र वैधानिकताको दावी गर्दै आएका रुक्मशमशेर राणा अध्यक्ष रहेको कमिटीबीचको विवाद अहिले शिखरमा छ । ओलम्पिकको नयाँ विवाद जिल्ला प्रशासन कार्यालयले झनडै दुई महिनाअघि रुक्मशमशेर राणा अध्यक्ष रहेको पुरानो कमिटीलाई वैधानिकता दिएपछि उत्पन्न भएको हो ।

प्रशासनको मान्यता पाएका राणा एक वर्षपहिले भएको निर्वाचनअघि आफू चुनावमा नउठ्ने र प्रधान पक्षलाई सहयोग गर्ने प्रतिबद्धता पत्रकार सम्मेलनमा व्यक्त गर्नुका साथै निर्वाचनअघिको साधारणसभामा प्रमुख अतिथि बनेका थिए ।

निर्वाचनलाई केही समयका लागि रोक्न दिएको अदालतको निर्देशनलाई बेवास्ता गर्दै प्रधान पक्षले ओसीए र आईओसी प्रतिनिधिसामु निर्वाचन गराएको थियो ।

अहिले गृह मन्त्रालयले राणाको पक्षमा निर्णय गर्छ भने शिक्षा तथा खेलकुद मन्त्रालयले प्रधानको पक्षमा वकालत गर्छ । यस्तो स्थितिमा समस्याको निकासको सम्भावना पनि देखिएको छैन ।

ओलम्पिक कमिटीको महासचिव बन्न देशको कानुनलाई बेवास्ता गर्दै विदेशी संस्थाको विधानको दुहाइ दिएका राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव जीवनराम श्रेष्ठले अखिल नेपाल फुटबल संघका विषयमा परिषद्को नियम त उल्लंघन गरे नै विदेशी कानुनलाई पनि मानेनन् । राखेपको विकास नियम (चौथो संशोधन २०६३) मा एकै खेलसँग सम्बन्धित दुई संस्था दर्ता नगरिने स्पष्ट उल्लेख छ । परिषद्को ऐनमा मात्र होइन, फिफा र एएफसीले एउटा देशमा दुई संस्था मान्दैन । तर सदस्यसचिव श्रेष्ठले फुबटलमा २ वर्षपहिलेदेखि उत्पन्न विवादलाई समाधान गर्ने बहानामा अर्को नयाँ नेपाल फुबटल संघ दर्ता गराए ।

केही दिनअघि प्रधानको पक्षले ओलम्पियन आठ खेलाडीलाई सम्मान तथा सहयोग कार्यक्रम गऱ्यो । गत शुक्रबार रुक्मशमशेर राणाको प्यानलले खेलाडी र प्रशिक्षकलाई हौसला बढाउन १०-१० हजार रुपैयाँ प्रदान गऱ्यो । खेलाडीले सबै पक्षबाट सहयोग, हौसला र प्रोत्साहन चाहेका हुन्छन् । त्यो पाउनु नराम्रो होइन । तर खेलाडीलाई 'दुई ढुंगाबीचको तरुल' भने बनाइनु हुँदैन । उनीहरूलाई पक्ष र विपक्षमा उभिनभन्दा पनि आवश्यक सुविधा उपलब्ध गराउँदै प्रोत्साहन गर्नु खेल पदाधिकारीको दायित्व हो । खेलकुद खेलाडीका लागि नभई आफ्नो दुनो सोझ्याउन चाहने पदाधिकारीका लागि भएको तीतो यथार्थ सबैका सामु स्पष्ट भएको छ । खेलबाट देशको परिचय माथि उठाउन संघर्ष गरेको भनिए पनि खेलाडी भने वास्तवमै त्यो अवस्थामा छैनन् ।

ओलम्पिकमा खेलाडीभन्दा पदाधिकारी धेरै जान लागेको आरोप लागिरहेको छ । अझ त्यसमा असम्बन्धित व्यक्तिहरू पनि रहेको भन्दै उनीहरूलाई रोक्ने प्रयास गरिने चेतावनी खेलवृत्तबाटै आइसकेको छ । साँच्चै नै खेलाडीको हितका लागि अनावश्यक पदाधिकारी रोकिए त राम्रै हो तर आफू जान नपाएको पीडा अरूलाई रोकेर निको पार्ने प्रयास भने नगरे राम्रो हुनेछ । सागभन्दा माथिल्ला स्तरका प्रतियोगितामा नेपालले उल्लेख्य सफलता पाउन नसकेको वास्तविकता छर्लंग छ । एसियाडमा सन् १९९८ मा पाएको रजत पदकलाई अपवाद मान्ने हो भने कास्यभन्दा माथि उठ्न नसकेको नेपालका लागि एसियाड र ओलम्पिक सहभागितासम्म मात्र सीमित छ । विवादरहित वातावरण पाए हाम्रा खेलाडीले देशको प्रतिष्ठा अन्तर्राष्ट्रिय जगत्मा पुऱ्याउन सक्छन् । खेलाडीको भविष्य त्यति बेलामात्र सुनिश्चित हुन्छ जतिबेला खेल क्षेत्रका पदाधिकारी विवादरहित भई खेल र खेलाडीको विकासमा लाग्छन् । खेलाडीलाई साँढेको जुधाइबीचको बाच्छा बनाइयो भने उनीहरूको जिन्दगी त बर्बाद हुन्छ नै अन्तर्राष्ट्रियस्तरमा नेपालको हैसियत पनि तल झर्नेछ । सबैजना खेलकुद र खेलाडीको भविष्यका लागि लडेको हो भने यो विवाद किन ? सबैका लागि चासोको विषय बनेको छ ।

सबै खेलकुद र खेलाडीको भविष्यका लागि लडेका हुन् भने विवाद किन ?

ब्याग बोक्दा..

विभिन्न ठाउँबाट राजधानी भित्रिने प्रमुख स्थान कलंकी चोक । तपाई कलंकीबाट अफिस जान ब्याग भिरेर निस्कनुहोस् । चोकमा दलालहरूले सोध्नेछन्- दाइ ! पोखरा हो ? अनि अर्को छेउमा दाइ ! हाम्रो माइक्रो एकदम राम्रो छ । अनि फेरि अर्को आउँछ र सोध्छ, पूर्वतिर हो ? दिनदिनै कलंकी चोकमा जवाफ दिँदादिँदै हैरान भइसकँ म । के ब्याग बोक्दैमा पोखरा वा बुटवलै जान लागेकै हुन्छु ? अफिस जान पनि त ब्याग बोकिन्छ नि ।

– सञ्जीव पाण्डे
काठमाडौं

ओलम्पिक पर्यटक तानौं

बेइजिङमा ओलम्पिक खेल हुँदैछ । खेल मेलाको पूर्वतयारी स्वरूप ओलम्पिक टर्चलाई विभिन्न देशमा घुमाइँदैछ । यतिखेर विश्वको ध्यान ओलम्पिक टर्च र स्वतन्त्र तिब्बत माग गर्दै आन्दोलित तिब्बतीप्रति छ । यस्तो सुनौलो मौकालाई नेपाल सरकारले किन सदुपयोग नगरेको ? सगरमाथाका माध्यमबाट फेरि एकपटक विश्वसामु नेपाललाई चिनाउन कुनै रणनीति अपनाउने पो हो कि ? बेइजिङ आउने पर्यटकलाई तिब्बतसम्म डोऱ्याउने धुनमा चीन सरकार लागिपरेको छ । तिब्बत आउनेमध्ये पनि सगरमाथाको उत्तरी मोहडासम्म धेरै पर्यटक आउने छन् । यसरी हाम्रो सरकारले पनि विशेष योजना तथा तयारी गर्ने हो भने तिनलाई नेपाल भित्र्याउन सकिन्छ । जसबाट अर्थतन्त्रमा केही टेवा पुग्ने पक्का छ भने बेरोजगारले रोजगारी पाउने छन् ।

– अनन्त अर्याल
कक्षा- ९, जनक उच्चमावि,भकुन्डेबेंसी, काभ्रे

गजलमय चितवन

विरह, पीडा र दर्दको नदी जब मानसपटलमा उर्लन्छ तब गजलले जन्म लिन्छ । चितवन गजलको सुन्दर मेहफील हो । यहाँका साहित्यप्रेमी गजलको भाषामा भलाकुसारी गर्छन् । गजलको भाषामा हाँस्छन्, कराउँछन् र गजलकै भाषामा रुन्छन् । गजलको जन्मथलो अरब हो तर यसले नेपालीको हृदयमा आत्मीयताको अड्डा जमाइसकेको छ । बालबनितादेखि युवा, वृद्धा साराालाई गजलले तानेको छ । विशेषतः यहाँका युवा र वयस्क गजल कोर्छन् । अधिक मात्रामा गजल प्रकाशित हुने गजलकारको जन्मभूमि चितवनलाई गजलको राजधानी भन्दा फरक नपर्ला । हामी चितवनलाई गजलको राजधानी बनाउन कस्सिएका छौं ।

– दृष्टि अर्याल
चैनपुर- ३, चितवन

प्रणयका रागहरू

पोखरामा साहित्यिक कार्यक्रम भइरहन्छन् । धेरै साहित्यिक संघसंस्था क्रियाशील छन् । महिनाको दोस्रो शनिबार गजल सन्ध्याले स्थानीय ज्ञानभूमि प्राविमा

पाठक मञ्च

गजल वाचन कार्यक्रम गराउँदै आएको छ । त्यही क्रममा साउनको दोस्रो शनिबार झन्डै ५० स्रष्टाले गजल सुनाए । अधिकांश गजल प्रेम तथा प्रणय भावका थिए । कति देशभक्तिपूर्ण त कति राजनीतिक कटाक्षले भरिएका । प्रणयभावमा पनि यौनका कुरा उठाइएका केही गजल सुनियो, सुनाइयो ।

कार्यक्रम सकिएपछि अनौपचारिक रूपमा केही गजलकारले प्रणयभावका गजललाई अश्लील भनी आलोचना गरे । प्रणयका गजल, जसमा यौनकुण्ठा व्यक्त गरिएका थिए, तिनमा अश्लील शब्द प्रयोग भएका थिएनन् र भावमा पनि अश्लील झल्किँदैनथ्यो । भलै तीनमा चुम्बन, प्रियतम्सँगका अंकमाल र यौवनका कुरा थिए तर एकदम शिष्ट भाषामा । गजलको इतिहास खोज्न थाल्यौं भने यसको आरम्भ पनि यस्तै प्रणयपरक विषयबाट भएको पाइन्छ जहाँ माया, प्रेम, चुम्बन, अंकमाल, यौन आदि समेटिएका हुन्थे । समयको बहावसँगै गजल प्रणयमा मात्र सीमित नरहेर अचेल राजनीतिक, सामाजिक, आर्थिक तथा अन्य धेरै विषयमा व्यापकता पाएको छ । प्रणयपरक गजलले मानिसको मनलाई तुरुन्त छुन्छ । त्यसको उदाहरण बनेका छन् हाम्रै पोखरेली गजलकार प्रकट पगेनी 'शिव' । उनले ठाउँ-ठाउँमा प्रणयपरक गजलको एकल वाचन गरिसकेका छन् । उनका तिनै गजलहरूको संग्रह 'प्रणयवेदका ऋचाहरू' को पहिलो संस्करण बजारमा सकिइसकेको छ ।

टेलिभिजनका पर्दामा खुलेआम चुम्बन र आलिंगनका दृश्य हेर्न लाज मान्दैनौं हामी । त्यस्ता दृश्य अश्लील लाग्दैन हामीलाई तर एउटा गजलमा चुम्बन, आलिंगन अनि यौनका विषय आउँदा अशिष्ट ठान्नु जायज हो ? मान्छे माया, प्रेम र यौनबाट जीवनभर टाढिन सक्दैन । जबसम्म संसारको अस्तित्व रहन्छ, तबसम्म यिनीहरूको पनि अस्तित्व रहिरहन्छ । गजलकारले प्रणयका गजल लेख्दा आफू कतिसम्म खुल्ने र अघि बढ्ने भन्ने ख्याल गर्नुपर्छ । म यतिसम्म अघि बढे भने अश्लील हुँदैन भन्ने कुरा विचार पुऱ्याउनुपर्छ । त्यसैगरी समालोचकहरूले पनि एउटा गजलमा प्रणय, अंकमाल, चुम्बन अनि यौनका कुरा आउनेबित्तिकै त्यसलाई अश्लील र अशिष्ट भनी टिप्पणी गर्नु हुँदैन । प्रणयका गजल लेखिँदै जानुपर्छ, उदास मनहरूमा आशा र ऊर्जा थप्न । म पनि यस्तै गजल लेखिरहेको छु यतिखेर ।

– अनिल शर्मा सुवेदी
पोखरा- ७, मासबार

सम्बन्धविच्छेदको तथ्याङ्क

सरस्वती कार्कीले बढ्दो सम्बन्धविच्छेदबारे लेख्नुभएको रहेछ । त्यसमा केही छुटेको अनुभव गरेको छु । अदालतमा दर्ता भएका सम्बन्ध विच्छेदका घटनाका आधारमा तथ्याङ्क निकाल्दा त्यो अपूरो हुन्छ । त्यसका लागि समाजको सूक्ष्म अध्ययन जरुरी छ । परम्परागत रूपमा पनि सम्बन्धविच्छेद हुन्छन् तर तिनको रेकर्ड कतै राखिँदैन । तिनले कानुनी रूपमा भएका सम्बन्ध विच्छेदसरह मान्यता पाउँछन् ।

सम्बन्ध विच्छेदका घटना बढिरहेका छन् । सन १९७१ देखि १९८१ सम्म सम्बन्ध विच्छेद गर्ने दम्पतीको ०.२८ र ०.४० प्रतिशतको दरमा छ । त्यस्तै १९९१ मा ०.५७ र १९९७ मा आएर १.६ का दरले बढ्दो क्रममा देखिन्छ । यो तथ्याङ्क अदालतबाट लिइएको स्रोतका आधारमा निकालिएको हो । समाजमा यसभन्दा बढी भइरहेका छन् । जातजातिका आ-आफ्नै परम्पराअनुसार समाजभित्रै सम्बन्ध विच्छेद हुन्छन् । कयौं सम्बन्ध विच्छेदका घटना समाजभित्रै लुकाइन्छन् । त्यसैले बृहत् अध्ययन खाँचो छ ।

अदालतमा गएर सम्बन्ध विच्छेद गर्ने आर्य समुदायमाभन्दा मंगोल समुदायका बढी पाइन्छ । हिन्दुधर्म संस्कारले आर्यमा सम्बन्ध विच्छेद कम भएको पाइन्छ । धार्मिक बन्देज कम भएकाले जनजातिमा बढी भएको पाइन्छ । गुरुङ, राई, नेवार, लिम्बूलगायतका जनजातिमा परम्परागतरूपमा सम्बन्ध विच्छेद गर्न सकिने प्रावधान छ । मगरमा मुखियाको रोहबरमा विच्छेद गरिन्छ । पत्नीले सम्बन्ध विच्छेद गने चाहे टोपी भरौनी र पतिले चाहे फाँडो भरौनी दिने चलन छ । यसैगरी गुरुङ समुदायमा पनि मुखियाको रोहबरमा छोडपत्र तयार गरिन्छ ।

श्रीमती अर्कैसँग गएमा सम्बन्ध विच्छेद भएको मानिन्छ । पश्चिम नेपालमा जारी तिरी अर्काकी पत्नी लिने चलन मेटिएको छैन । यसरी हेर्दा महिलाले दोस्रो बिहे गरेको देखिन्छ । पहिलो श्रीमानसँग स्वतः सम्बन्ध विच्छेद हुन्छ । तराईमा दाइजो कम ल्याएको बहानामा पनि सम्बन्ध विच्छेद हुन्छन् । यस्ता कतिपय घटना अदालतसम्म पुग्दैनन् । त्यसैले अदालती तथ्याङ्कमा मात्र भर पर्न सकिन्न ।

– भरतबहादुर रोकाया
बाजुरा, हाल : त्रिचन्द्र क्याम्पस

लगाउँ हरियो चुरा

प्रतिमा विवश राईको 'हरियो चुरीको कमाल' (९ साउन) चित्त बुझ्दो छ । आज हरेक युवती र स-साना नानीका हातभरि टम्म मिलेका हरिया चुरा देख्दा रमाइलो लाग्छ । प्रेम प्रतीकका रूपमा चिनिन थालेको छ हरियो चुरा । प्रेमीले प्रेमिकालाई प्रेमपूर्वक दिन्छन् । विवाहित महिलाले हातभरि हरियो चुरा लगाई साउनमा श्रीमान्को लामो आयु र परिवार सुखको कामना गर्छन् । व्रत बस्छन् । कतिपयले यसलाई फेसनका रूपमा पनि अँगालेका छन् । जे होस् हरियो चुरीको माग बढ्दो छ ।

अचेल प्रेमीले प्रेमिकालाई मात्र होइन, आमाबाबुले छोरीहरूलाई, दाजुभाइले दिदीबहिनीलाई र साथीसाथी बीच आपसमा उपहारस्वरूप दिने चलन चलेको छ । यसलाई सुखद मान्नुपर्छ । एकल महिलाले पनि समाज र संस्कारको मनोवैज्ञानिक त्रास तथा हीन भावनाले ग्रस्त भई मनको इच्छा नमार्नुस् । बिना हिचकिचाहट हरियो चुरा लगाउनुस् भन्ने आग्रह गर्छु ।

– निशा गुरुङ
बुटवल- १२, हाल : तीनकुने सुविधानगर

टायर बालौं

यसै पनि प्रदूषित छ
हामी माथिको नीलो आकाश
आऊ सबै मिली बनाऔं
यो नीलोलाई कालो
इन्धन बत्ती ऊर्जाको अभाव भो
खोजी खोजी टायर बालौं

सौतासँग हामीलाई रिस उठ्या छ
पोईको काख बिटुलो पारौं
देश बनाउनेहरूसँग चित्त दुख्या छ
सडकका बारहरू बिगारौं
सुन्दैनन् कसैले नकराई
फुट्ने गरी कानको जालो
महँगी बढेको बढ्यै छ साथी
खोजी खोजी टायर बालौं

थाक लगाए मिलाइ-मिलाई
निर्माण गर्छन् इँटाहरू
टुक्राएर हिर्कायो भने
पुर्पुरो पनि फुटाउँछन् इँटाहरू
सवारी रोकौं, नरोक्नेलाई ठोकौं
एउटाको रिस अर्कोसँग पोखौं
नयाँ नेपालको निर्माण थालौं
चलन त पुरानै नेपालको हो तर
खोजी खोजी टायर बालौं

खोज्नुमात्र पर्छ आजकल
कति पाइन्छन् कति बहाना
आजका लागि सकिएर के भो
भोलिलाई बहाना खोज्न थालौं
हरेक समस्याको रामवाण ओखती
खोजी खोजी टायर बालौं

अगुवाहरू भए बाटो ...
अब आएको छ हाम्रो पालो
राष्ट्रियता हाम्रो खतरामा परिसक्यो
खोजी खोजी टायर बालौं

– ब्रजेश खनाल
काठमाडौं

वैकल्पिक इन्धनको जोहो

हीरा विश्वकर्माको 'वैकल्पिक इन्धनको जोहो' राम्रो लाग्यो । उहाँले भनेझैं पेट्रोलको मूल्य लिटरको एक डलर १७ सेन्ट अर्थात ८२ रुपैयाँ गलत छ । उहाँले उल्लेख गर्नुभएको प्रतिब्यारेल १४० अमेरिकी डलर कच्चा तेलको भाउ हो । सेयर बजारमा तेल खरिद बिक्री कच्चा तेलका आधारमा गरिन्छ, जसमा त्यसलाई प्रशोधन गर्न लाग्ने खर्च जोडिँदैन । हामीले प्रयोग गर्ने तेलको भाउ त्योभन्दा धेरै महँगो पर्छ ।

बढ्दो तेलको भाउ र आपसी प्रतिस्पर्धाले अमेरिकी तेल बिक्रेता घाटामा बेच्ने गर्छन् जसलाई समायोजन गर्न प्रत्येक पम्पमा पसल राखिएको हुन्छ । यस्ता पसलमा अति चलनचल्तीमा आउने घरायसी सामान, गाडीका लागि आवश्यक पार्टपुर्जा आदि बेच्ने गरिन्छ । त्यसबाट आएको नाफाले तेलमा भएको घाटापूर्ति गरिन्छ । नेपालमा पनि त्यसो गर्न सके उपभोक्तालाई केही राहत दिन सकिन्छ ।

देशको पन्ध्र प्रतिशत जनसंख्याले प्रयोग गर्ने पेट्रोल, डिजल र ग्यासलाई सरकारी सहुलियत दिँदा बाँकी ८५ प्रतिशत न्यून आय भएकालाई अन्याय हुँदैन र ? बरु त्यो सहुलियत विद्यालय, स्वास्थ्य चौकी र विकासमा लगाउँदा दुवै तेल उपभोग गर्ने र नगर्ने जनतालाई आर्थिक लाभ हुन्छ ।

यसले एकातिर देश विकास हुन्छ भने अर्कोतर्फ यसमा हुने लगानीले नयाँ रोजगार सिर्जना गर्छ । विश्वमा थोरै देशले मात्र तेलमा नाफा लिएर बेच्ने गर्छन् । जसअनुसार, कुवेतले सबैभन्दा बढी ४८८ प्रतिशत नाफा गर्छ । यूएई ३०० प्रतिशत, साउदी अरेबिया २३३ प्रतिशत, कतार २३३ प्रतिशत, क्यानडा (जहाँ जमिन बाहिर सतहमा भएको बालुवा निचोरेर तेल निकालिन्छ) २०३ प्रतिशत, बहराइन १५० प्रतिशत र ओमान १५० प्रतिशत नाफा लिने गर्छन् ।

–प्रकाश पौड्याल
एडमन्टन, अल्बर्टा, क्यानडा

पेट्रोलको कालोबजारी

वीरगन्जमा पेट्रोलको लाइन लागेका सवारी साधनको छेवैमा ब्ल्याकमा बेच्न राखिएका पेट्रोल भरिएका बोतल झल्काउने बिहीबारको तस्विर हेर्रे ।

मूल्यवृद्धि भइसकेपछि पनि पेट्रोलियम पदार्थको हाहाकार भइराखेका बेला कालोबजारी भइरहेको छ । यो कसले गरिरहेको छ ? त्यसरी मिसावटयुक्त पेट्रोल त्यो पनि 'ब्ल्याक' मा बेच्नेलाई कारबाही गर्न सकिँदैन ?

– चिरञ्जीवी आचार्य
गैंडाकोट- ६, नवलपरासी

स्वास्थ्य स्वयंसेविकाको योगदान

भवसागर घिमिरेको 'महिला स्वास्थ्य स्वयंसेविकाको कथा' (५ साउन) पत्रमा केही तथ्य थप्न चाहन्छु ।